# पूर्वाञ्चल विश्वविद्यालय

कार्यकारी परिषद्को निणर्य नं. ३३५२ बमोजिम

गरिएको सूचना अनुसार आवेदन गर्ने क्याम्पस रकलेजहरुलाई

स्नातकोत्तर शैक्षिक कार्यकम थप कार्यकमका रुपमा दिने सम्बन्धी

नीति, प्रकिया तथा मापदण्डः

पूर्वाञ्चल विश्वविद्यालय

विराटनगर ।

**पूर्वाञ्चल विश्वविद्यालय कार्यकारी परिषद्को निणर्य नं. ३३५२ बमोजिम गरिएको सूचना अनुसार आवेदन गर्ने क्याम्पस रकलेजहरुलाई स्नातकोत्तर शैक्षिक कार्यकम थप कार्यकमका रुपमा दिने सम्बन्धी नीति, प्रकिया तथा मापदण्ड:**

**नीति:**

* स्नातकोत्तर कार्यकमका लागि नियमानुसार पर्न आएका आवेदनहरु मध्ये १ नं. प्रदेश, दुर्गम, पिछाडिएको तथा ग्रामिण क्षेत्रका क्याम्पस /कलेजहरुलाई विशेष प्राथमिकतामा राखिनेछ ।
* थप स्नातकोत्तर तह प्रदान गर्दा सामुदायिक र सहकारी क्याम्पस /कलेजहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
* लामो समयदेखि अविच्छिन रुपमा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन लिई एक वा दुई विषयको मात्र स्नातक तह सञ्चालन गर्दै आएको र सोही विषयमा स्नातकोत्तर तह संचालनको लागि आवेदन गर्ने क्याम्पस /कलेजहरुलाई बढी प्राथमिकतामा राखिनेछ ।
* पूर्वाञ्चल विश्वविद्यालयको नीति नियमलाई पालना गरी परीक्षाफल र अध्ययन अध्यापन उच्च स्तरिय रुपमा कायम राख्न सफल क्याम्पस /कलेजहरुलाई विशेष ग्राहयता दिइनेछ ।
* विश्वविद्यालय अनुदान आयोगको मापदण्डमा सफलता प्राप्त गरेका क्याम्पसहरुलाई प्राथमिकतामा राखिने छ ।
* यस विश्वविद्यालयबाट सम्बन्धन लिएका क्याम्पस /कलेजहरुले अन्य विश्वविद्यालयबाट समेत सम्बन्धन लिई एउटै भवन र एउटै समय (Shift) मा कार्यकम संचालन गरेका क्याम्पस /कलेजहरुलाई थप स्नातकोत्तर तह संचालन गर्न नदिने नीति अवलम्बन गरिनेछ ।
* प्राविधिक विषयहरुमा सम्बन्धित काउन्सिलले तोकेको मापदण्ड पूर्ण रुपमा पालना नगर्ने क्याम्पस /कलेजहरुलाई स्नातकोत्तर तह संचालन गर्ने स्वीकृति दिइने छैन ।
* विद्यावारिधि(Ph.D)प्राप्त पूर्णकालीन शिक्षक भएका र संस्थाकै नाममा घर जग्गा भएका क्याम्पस /कलेजहरुलाई प्राथमिकता दिइनेछ ।
* सम्बन्धित विषयको स्नातक तह संचालन गरिरहेका र सम्बन्धित विषयकै स्नातकोत्तर माग गरेका क्याम्पस /कलेजहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
* क्याम्पसको शैक्षिक, प्राज्ञिक, प्रशासनिक र भौतिक उच्चतालाई मध्यनजर गरी एउटा कलेजलाई बढिमा २ विषय सम्म मात्र थप स्नातकोत्तर कार्यकम दिइनेछ ।
* काठमाडौं उपत्यकामा पू.विका कलेजहरुको संख्या अत्यधिक भएकाले नजिकको कलेजलाई प्रभाव नपर्ने गरी विषयान्तर विषयमा मात्र स्नातकोत्तर तह थप कार्यकमका रुपमा स्वीकृति दिने नीति अवलम्बन गरिनेछ ।

**प्रकिया:**

पू.वि. कार्यकारी परिषद्को निणर्य नं. ३३५२ बमोजिम उपकुलपति कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरि माग गरिएका आवेदनहरु नियमानुसार आवेदन शुल्कको सक्कल भौचर सहित डीन कार्यालयमा दर्ता भईसके पछि डीन कार्यालयले अभिलेख बमोजिम उपकुलपतिको कार्यालयमा पढाउनु पर्नेछ । आवेदन शुल्क एवं मूल्याकन शुल्क फिर्ता हुने छैन ।

आवेदन प्राप्त भैसकेपछि उपकुलपतिले आफैले वा उपकुलपतिले तोकेको डीनको अध्यक्षतामा योजना महाशाखा प्रमुख समेत गर्ने गरी बढिमा ५ सदस्यीय उच्च स्तरीय छनौट समिति गठन हुनेछ । सो समितिले उपकुलपतिको कार्यालयबाट प्राप्त निवेदनहरु तल उल्लेखित छनौट सम्बन्धी मापदण्डको

आवेदन प्राप्त भैसकेपछि उपकुलपतिले आफैले वा उपकुलपतिले तोकेको डीनको अध्यक्षतामा योजना महाशाखा प्रमुख समेत गर्ने गरी बढिमा ५ सदस्यीय उच्च स्तरीय छनौट समिति गठन हुनेछ । सो समितिले उपकुलपतिको कार्यालयबाट प्राप्त निवेदनहरु तल उल्लेखित छनौट सम्बन्धी मापदण्डको आधारमा छनौट गरी छनौटमा परे वा नपरेका सबै आवेदनहरु यथार्थ प्रतिवेदन सहित उपकुलपति समक्ष पठाउनु पर्नेछ । छनौटमा परेका निवेदनहरुलाई सम्बन्धित डीन कार्यालयमा पठाउनु पर्नेछ । सम्बन्धित डीन कार्यालयले छनौटमा परेका क्याम्पस /कलेजहरुको सूचि प्रकाशित गरि **सम्बन्धन सम्बन्धी नीति शर्त र प्रक्रिया (२०७३)** बमोजिमको अनुसूची ४ अनुसारको सम्भाव्यता शुल्क विश्वविद्यालयले तोकेको खातामा बुझाउन लगाई सोको सक्कल भौचर साथमा सम्भाव्यता अध्ययन गराउँन निवेदन पेश गर्न सूचित गर्नेछ । सम्भाव्यता अध्ययन गराउँनका लागि सक्कल भौचर सहित डीन कार्यालयमा निवेदन पेश गनुपर्नेछ ।

सम्भाव्यतका लागि डीनले डीन आफै वा डीनले तोकेको व्यक्तिको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ र १ जना अधिकृत स्तरको कर्मचारी सहित बढिमा ३ जनाको सम्भाव्यता अध्ययन समिति गठनको स्वीकृतिका लागि उपकुलपतिमा सिफारिस गरि स्वीकृति प्राप्त भए पश्चात डीनबाट सम्भाव्यता अध्ययनको पत्र दिइने छ ।

कार्यक्रम थप सम्बन्धी अन्य प्रकृया विश्वविद्यालयको नियम ६१ (क) को उपनियम (२),(३),(४) र (५) बमोजिम हुनेछ ।

## अक्षयकोष तथा कार्यक्रम स्वीकृति शुल्कको व्यवस्था:

आवश्यक सम्पूर्ण प्रकिया पूर्ण भैसकेपछि कार्यकारी परिषद्ले थप स्नातकोत्तर कार्यक्रम संचालन गर्न स्वीकृति दिने निर्णय गरी निर्णयको साथमा सम्पूर्ण फायलहरु सम्बन्धित डीन कार्यालयमा पठाउने छ । सम्बन्धित डीनले **सम्बन्धन सम्बन्धी नीति शर्त र प्रकिया (२०७३)** मा उल्लेख भए बमोजिम अक्षयकोषको व्यवस्था गर्न लगाउने छ । अक्षयकोषको व्यवस्था भए पश्चात **सम्बन्धन सम्बन्धी नीति शर्त र प्रकिया (२०७३) को अनुसूची ५** अनुसार कार्यक्रम स्वीकृति शुल्क विश्वविद्यालयले तोकेको खातामा जम्मा गर्ने लगाई सक्कल भौचर सहित पत्र प्राप्त भए पश्चात विश्वविद्यालयले तोकेका शर्तहरु सहित स्नातकोत्तर शैक्षिक कार्यक्रम संचालन गर्न दिने पत्र सम्बन्धित डीनबाट जारि गरिने छ ।

## सम्भाव्यता अध्ययन टोलीको मूल्यांकन प्रक्रिया:

सम्भाव्याता अध्ययन टोलीले मूल्यांकन गर्नका लागि यस प्रक्रियाको पाना नं. ३ मा उल्लेखित मापदण्ड लाई आधार मान्ने छ र यस मापदण्ड अनुसार मूल्यांकन गर्दा उतिर्णाक कम्तिमा ७० प्रतिशत रहने छ ।

## छनौट सम्बन्धी मापदण्डः

थप स्नातकोत्तर शैक्षिक कार्यकम प्रदान गर्न १०० पूर्णाङ्कको मापदण्ड हुनेछ र सो पूर्णाङ्कमा कम्तिमा ७० अंक प्राप्त गर्ने शैक्षिक संस्थामात्र थप कार्यकम प्राप्तिको लागि योग्य मानिनेछन् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक वा सहकारी क्याम्पस | क्याम्पस कै नाममा घर जग्गा भए | एक नम्बर प्रदेशका कलेज भए | दुर्गम/ ग्रामिण/पिछडिएको क्षेत्र भए | सम्बन्धित विषयको स्नातक तह संचालन भइरहेको भए | सम्वन्धित विषयमा विद्यावारिधि प्राप्त पूर्णकालिन दुई जना र अन्य ४ जना पूर्णकालिन शिक्षक भएमा | कम्तिमा ७ वर्ष देखि निरन्तररुपमा संचालित भएको भए | शैक्षिक संस्थाको शैक्षिक, प्राज्ञिक अवस्थाबारे सम्बन्धित डीनको मूल्यांकन (बढिमा) ६ अंक<br>(क) कारवाही/स्पष्टिकरण नसोधिएको(ख)पू.विको नियम, विनियम तथा निर्देशन विरुदमा कुनै काम नगरेको (ग) परीक्षाफल राम्रो भएको (घ) शैक्षिक प्राज्ञिक र भौतिक अवस्था उन्नत रहेको(ङ) सम्झौता पत्र पूर्ण रुपमा पालना गरिएको) | आफ्नो विषयको प्रयोगशाला, पुस्तकालय, कक्षा कोठा पार्किड. खेलकुद मैदान, क्यान्टिड.को व्यवस्था अधिकतम | राष्ट्रिय शिक्षा पुरस्कार/विश्वविद्यालय अनुदान आयोगको मापदण्डमा उच्च ठहरीएका कलेजहरु |
| १२ अकं | १२ अंक | १२ अंक | ६ अंक | ८ अंक | १० अंक | १५ अंक | | १५ अंक | ४ अंक |
| निजी क्याम्पस | घर जग्गा भाडामा भए | अन्य प्रदेशका भए | | अन्य विषय भए | स्नातकोत्तर उत्तिर्ण पूर्णकालिन चार जना भए | सो भन्दा कम भए | | आफ्नो विषयको प्रयोगशाला, पुस्तकालय, कक्षा कोठा पार्किड. खेलकुद मैदान, क्यान्टिड.को व्यवस्था | |
| ८ अंक | ८ अंक | १० अंक | | १ अंक | ७ अंक | १० अंक | | न्यूनतम् ९ अंक | |

अन्य नियम तथा शुल्कहरु विश्वविद्यालयको नियम, विनियम तथा **सम्बन्धन सम्बन्धी निति शर्त र प्रकिया (२०७३) अनुसार हुने छ ।**